सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ ✵ अंक : ३३० ✵ २०७९ साल, भाद्र १४ गते सोमबार, ✵ Tuesday 30 August, 2022 मूल्य रू. ५/- ✵ पृष्ठ : ४

## वीरगञ्ज हेल्थ केयरका डा.अंसारी विरुद्ध वीरगञ्जमा प्रदर्शन, संरक्षण गर्न खोज्नेलाई कालोमोसो दल्ने चेतावनी



वीरगञ्ज १३ भदौ ।

वीरगञ्ज हेल्थ केयर होस्पिटलका जेनरल तथा लेप्रोस्कोपिक सर्जन डा.आशिफ अंसारी विरुद्ध वीरगञ्जमा प्रदर्शन भएको छ । पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका वडा नम्बर २ चेरङ्गाहा निवासी ३२ वर्षिय फिरोज मियाँ अंसारीको पित्तथैलीमा रहेको पथ्थरीको शल्यक्रिया गर्दा मृत्यु भएपछि मृतकका आफन्तले वीरगञ्जमा डाक्टर डा.आशिफ अंसारीलाई कारवाही गर्नुपर्ने माग राख्दै विरोध प्रदर्शन गरेका हुन् ।

फिरोजलाई पथरीको उपचारका लागि गत साउन २६ गते वीरगञ्ज महानगरपालिका वडा नम्बर १४ बहुअरीमा रहेको वीरगञ्ज हेल्थ केयर अस्पतालमा भर्ना गरिएको थियो । फिरोजको डा.अंसारीले गरेको पहिलो शल्यक्रियाबाट अत्यधिक रक्तश्राव भएर असफल भयो । त्यसपछि फेरी दोश्रो पटक शल्यक्रिया गर्दा फिरोजको शरीरमा संक्रमण देखा परेर अवस्था जटिल बन्दै गएपछि काठमान्डौंको मेडिसिटी अस्पतलामा रेफर गरिएको थियो ।

त्यहि उनको उपचारको क्रममा मृत्यु भएको थियो । अंसारीको मृत्यु पश्चात पीडितले न्यायको माग र दोषी डा.अंसारी तथा अस्पताल प्रशासनलाई कानुनी दायरामा ल्याउन माग गर्दै लगातार आन्दोलन गर्दै आईरहेका छन् । प्रदर्शनको समर्थन गर्दै नेपाली काग्रेसका युवा नेता नविन सिंहले चिकित्सक संघको नाममा झोले डाक्टरहरुलाई संरक्षण गर्ने काम नर्गन चेतावनी दिए । पीडितलाई न्याय र दोषीलाई सजाय नभए आन्दोलन झन चर्किने बताए । बिरमीको ज्यान जोखिममा राखेका डाक्टरलाई संरक्षण गर्न खोज्ने चिकित्सक संघका पदाधिकारीहरुलाई कालोमोसो दल्ने चेतावनी समेत दिएका छन् ।

## विद्यालय बन्दको आन्दोलन फिर्ता

काठमाण्डौ, १३ भदौ ।

विभिन्न माग राखेर आइतबारदेखि देशभरको सामुदायिक विद्यालय बन्द गराएको विद्यालय कर्मचारी परिषदले आन्दोलन फिर्ता लिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वार्ता र छलफलका लागि बोलाएपछि परिषदले आन्दोलन फिर्ता लिएको हो । सोमबार मन्त्रालय, शिक्षक महासंघ र परिषदबीच मन्त्रालयमा भएको छलफलमा मन्त्रालयले समिति बनाएर वार्ता गर्ने भएपछि परिषद्ले आन्दोलन फिर्ता लिएको हो । उनीहरुले आन्दोलन फिर्ता लिएसँगै मंगलबारदेखि विद्यालय खुल्ने भएका छन् । परिषदले १८ गतेसम्म बन्द गर्ने घोषणालाई ऐक्यवद्धता जनाउँदै देशभरका करिब ९० प्रतिशत सामुदायिक विद्यालय सोमबार पनि बन्द भएका छन् ।




सोमबार भएको छलफलमा मन्त्रालयले विद्यालय कर्मचारीहरुको सेवा सुविधालाई व्यवस्थित किसिमबाट सम्बोधन गर्ने प्रतिवद्धता गरेपछि आन्दोलन स्थगित गरेको परिषदका महासचिव शान्तिनाथ योगीले बताए । 'आज सरकार, शिक्षक महासंघ र परिषदबीच सामान्य छलफल भयो । सरकारले वार्ता टोली गठन गरेर वार्ता गर्ने भएको छ । त्यसैले तत्काललाई हामीले आन्दोलन फिर्ता लिएका छौं' उनले भने । अब हुने वार्तामा चित्तबुझ्दो सहमति नभए फेरि आन्दोलन थाल्ने उनले बताए । (साभार-अनलाइनखबर)

## उपेन्द्र यादव बारा-२ बाट उम्मेदवार सिफारिस

बारा, १३ भदौ ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव बारा क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवारमा सिफारिस भएको छ। प्रदेश सभा क्षेत्र नं २ 'क' मा १० जना र प्रदेश सभा क्षेत्र नं २ 'ख' १२ जनाको नाम जिल्ला कार्य समिति बारामा सिफारिस गरेको हो ।

४ मंसिरमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि क्षेत्रीय समितिले नाम सिफारिस गरेको हो । यसअघि २०७४को चुनावमा उनी सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए। क्षेत्रीय समितिले प्रतिनिधि सभा सदस्यमा यादवसँगै रामसहायप्रसाद यादव र प्रयाग राय वदको नाम पनि सिफारिस गरेको छ।

यादवले बारा-२ बाट इच्छा गरे उम्मेदवार हुन सक्ने क्षेत्रीय सभापति




लालबाबु सिंहले जानकारी दिए। प्रदेश सभा क्षेत्र नं २ 'क' का लागि उषाकुमारी यादव, कामेश्वरप्रसाद यादव, रामबाबु प्रसाद यादव, शारदा शंकर प्रसाद साह, मुकेश कुशवाहा, आत्मराम प्रसाद साह, विनोद प्रसाद यादव, शंकर प्रसाद यादव, नागेन्द्र प्रसाद यादव र शिव शंकर प्रसाद यादवको नाम सिफारिस भएको छ ।

प्रदेश सभा क्षेत्र नं २ 'ख' बच्चा राउत अहिर, अवध भुषण प्रसाद यादव, राम किशोर प्रसाद यादव, प्रमोद प्रसाद यादव, लालबाबु सिंह, अमरदेप प्रसाद यादव, धुपलाल सहनी, ऋषिकेश यादव, ब्रम्हदेव पासवान, शम्भु प्रसाद सिंह, राम सागर प्रसाद यादवको नाम सिफारिस गरिएको अध्यक्ष सिंहले बताए।

## रौतहटमा सुरक्षाकर्मी देखेपछि गाँजा कारोबारी फरार, २०४ किलो बरामद

रौतहट, १३ भदौ ।

रौतहटको गौर नगरपालिका-२ स्थित बकैया खोला किनारमा सुरक्षाकर्मीलाई देखेपछि गाँजा कारोबारी भागेका छन् । प्रहरीले लखेटेपछि गाँजा तस्करले गाँजा फालेर भागेका हुन् । भारततर्फ लैजाँदै गरेको अवस्थामा गाँजा कारोबारीले फालेको २ सय ४ किलो गाँजा प्रहरीले बरामद गरेको छ । अस्थायी प्रहरी पोष्ट महादेवपट्टि र सशस्त्र प्रहरीको बेस क्याम्प गौरबाट खटिएको टोलीले गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका डिएसपी सुनिल मल्लले रातोपाटीलाई बताए । सोमबार बिहान गस्तीमा गएको प्रहरीलाई देख्नासाथ गाँजा कारोबारीहरु १७ वटा प्लाष्टिकको पोकामा लाँदै गरेको गाँजा फालेर भागेका थिए । आरोपीहरुको खोजी भइरहेको डिएसपी मल्लले जानकारी दिए । (रातोपाटी)



* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## ५५० ग्राम सुनसहित १ जना पक्राउ

काठमाण्डौ, १३ भदौ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट अवैध रूपमा भन्सार छली ल्याएको करिव ५५० ग्राम सुनसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोक हेलम्बु गाउँपालिका-७ घर भई काठमाडौं महानगरपालिका-६ कपन बस्ने ४४

(बाँकी तेश्रो पेजमा)

## टिकटक बन्द गर्नुपर्ने माग राख्दै मधेशका दुई जिल्लामा प्रदर्शन



जनकपुरधाम, १३ भदौ ।

सामाजिक सञ्जाल टिकटकलाई बन्द गर्नुपर्ने माग राख्दै मधेशका दुई जिल्लामा प्रदर्शन गरिएको छ । प्रदेशको राजधानी धनुषाको जनकपुरधाम र सिरहामा युवाले प्रदर्शन गरेका छन्। टिकटकले आफ्नो संस्कृति बिग्रिरहेको, अश्लिलता प्रदर्शन भइरहेको

(बाँकी तेश्रो पेजमा)

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |

# ७० जिल्लामा फैलियो डेंगु, काठमाडौंका अस्पतालमा कुर्सीमा समेत बिरामी

*आकस्मिक कक्षको सबै बेड भरिएपछि बिरामीलाई कुर्सीमा समेत राखेर उपचार गरिएको छ। अस्पताल प्रशासनको तथ्यांक अनुसार हाल ४ जनाको आईसीयूमा उपचार भइरहेको छ। टेकुमा मात्रै होइन, उपत्यकाको अधिंकाश अस्पतालमा डेंगु संक्रमितको चाप बढ्दो क्रममा छ। काठमाडौंको क्षेत्रपाटी निःशुल्क चिकित्सालयको पर्किङ्स्थलमा टेन्ट लगाएर बिरामीको उपचार र परीक्षण भइरहेको छ।*

**पुष्पराज चौलागाईं**
काठमाण्डौ, १३ भदौ ।

काठमाडौं उपत्यकामा डेंगु संक्रमित बढेसँगै अस्पतालमा शय्या ( बेड) अभाव हुन थालेको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको आकस्मिक कक्ष डेंगु संक्रमितले भरिएको छ। आकस्मिक कक्षको सबै बेड भरिएपछि बिरामीलाई कुर्सीमा समेत राखेर उपचार गरिएको छ। एक हप्तायता डेंगुका बिरामीले बेड भरिन थालेको अस्पतालका आकस्मिक कक्षका प्रमुख लीलामणि भण्डारीले बताए। 'डेंगुका बिरामीले बेड भरिएपछि कुर्सीमा समेत राखेर उपचार गराइरहेका छौं', भण्डारीले अनलाइखबरसँग भने, 'बेडको अभाव हुन थालेपछि घरमै आराम गर्न सक्नेलाई सल्लाह–सुझाव दिएर पठाएका छौं।'

डेंगुको लक्षण लिएर आएका बिरामीको चाप बढ्सँगै अस्पतालले सोमबारदेखि डेंगु क्लिनिक सञ्चालनमा ल्याएको छ। टेकु अस्पतालको आकस्मिक कक्षमा शुक्रबार ६८, शनिबार ८५, आइतबार ८० जना बिरामीको उपचार गरिएको थियो। त्यसैगरी, सोमबार २ बजेसम्म ५० जनाभन्दा बढी बिरामीले आकस्मिक कक्षमा उपचार गराएका छन्। 'हामीसँग थोरै बेड छन्। डेंगुका गम्भीर प्रकृतिका बिरामीलाई मात्रै जनरल वार्डमा भर्ना गरेर राख्छौं', आकस्मिक कक्षका प्रमुख भण्डारीले भने, 'आकस्मिक कक्षको चाप घटाउनका लागि छुट्टै डेंगु क्लिनिक सञ्चालनमा ल्याएका हौं।'

अस्पताल प्रशासनको तथ्यांक अनुसार हाल ४ जनाको आईसीयूमा उपचार भइरहेको छ। टेकुमा मात्रै होइन, उपत्यकाको अधिंकाश अस्पतालमा डेंगु संक्रमितको चाप बढ्दो क्रममा छ। काठमाडौंको क्षेत्रपाटी निःशुल्क चिकित्सालयको पर्किङ्स्थलमा टेन्ट लगाएर बिरामीको उपचार र परीक्षण भइरहेको छ। दैनिक सय जना भन्दा बढी डेंगुको आशंकामा परीक्षणका लागि आउने गरेको टेकु अस्पतालका रिसर्च युनिटका प्रमुख डा. शेरबहादुर पुनले बताए। 'डेंगुको आशंकामा आएका ८० प्रतिशतभन्दा बढीलाई डेंगु पुष्टि भएको छ। अस्पतालमा भर्नाको चाप कम गर्न बिहान १० देखि २ बजेसम्म डेंगु क्लिनकल सञ्चालनमा ल्याएका हौं', डा. पुनले भने। उनका अनुसार काठमाडौंको टेकु, त्रिपुरेश्वर, कंलकी, बल्खु, बसन्तपुर, शंखमुल, नयाँ बानेश्वरलगायतका क्षेत्रबाट आउने बिरामी बढी छन्। 'डेंगु अप्रत्यासित रूपमा बढिरहेको छ। बिरामीको चाप बढेको देख्दा बेड पाउन मुश्किल हुने देखिएको छ', डा. पुनले भने, 'सकेसम्म गम्भीर प्रकृतिका बिरामीलाई मात्रै भर्ना गरेका छौं।'








७० जिल्ला फैलियो, ललितपुरमा धेरै डेंगु हाल ७० जिल्लामा फैलिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांक अनुसार गत वर्षको १५ पुसदेखि १२ भदौसम्म २ हजार ५३९ जना डेंगु संक्रमित भएका छन्। विशेषगरी बागमती र लुम्बिनी प्रदेशका जिल्लाहरूमा संक्रमण बढिरहेको इडीसीडी अन्तर्गतको कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहाल बताए।

महाशाखाको तथ्यांक अनुसार हाल सबैभन्दा धेरै ललितपुरमा ८५८, रुपन्देहीमा ३६३, काठमाडैंमा ३३२ केस देखिएका छन्। त्यसैगरी, बढी केस देखिनेमा धादिङ, तेह्रथुम, सिन्धुली, भक्तपुर, संखुवासभा, अर्घाखाँची र गुल्मीमा ७० जना हाराहामारीमा संक्रमण पुष्टि भएको छ। 'साउन अन्तिम सातादेखि डेंगु संक्रमितको केसहरु बढिरहेका छन्। यो क्रम अझै बढ्दै जाने देखिन्छ', दाहालले भने। डेंगु नियन्त्रणका लागि अति प्रभावित १४९ वटा स्थानीय तहमा बजेट छुट्याइएको महाशाखाले जनाएको छ। डेंगु नियन्त्रणका लागि स्थानीय तहका स्वास्थ्य संयोजक तथा जिल्ला तथा प्रदेशका उच्च अधिकारीसँग समन्वयमा लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सञ्चालन सुरू भइसकेको दाहालले जानकारी दिए।

चिकित्सकको सुझाव : एन्टिबायोटिक, पेनकिलर नलिनू

ज्वरो आउँदा एन्टिबायोटिक खाएर ठीक नभएपछि डेंगुको आशंकामा टेकु अस्पताल आउने बिरामी सयौंको संख्यामा छन्। देशभर डेंगुले महामारीको रूप लिइरहँदा उपचारमा स्वास्थ्यकर्मीसमेत अलमलमा परिरहेका छन्। दुखाइ कम गर्नका लागि फ्लेक्सन नामको औषधिको जथाभावी प्रयोग भइरहेको डा. पुन बताउँछन्। 'डेंगु संक्रमितले एन्टिबोयोटिक खानुपर्दैन, तर धेरै क्लिनिक तथा मेडिकलमा परीक्षण गराएका बिरामीलाई चिकित्सक, स्वास्थ्यकर्मी तथा फार्मेसी सञ्चालक स्वयंले पनि एन्टिबोयोटिक, पेनकिलरजस्ता अनाश्वयक औषधि सेवन गर्न सुझाव दिइरहेको पाइएको छ', डा.पुनले भने, 'अस्पताल आएकामध्ये १५ प्रतिशतभन्दा बढीले फ्लेक्सन सेवन गरेर आएका छन्।'

डा. पुनका अनुसार डेंगु बिरामीलाई जथाभावी एन्टिबायोटिक, पेनकिलर तथा फ्लेक्सन रक्तश्राव गराउने सम्भावना अत्याधिक हुन्छ। 'यस्ता औषधिको सेवन गर्दा तत्काल ज्वरो घट्छ र निको हुँदै गयो भन्ने सोचिन्छ। तर, यसको ठीक विपरीत घटेको २४ देखि ४८ घण्टामा संक्रमित जटिल अवस्था जान सक्छन', डा. पुनले भने। 'सामान्यतया डेंगु भएका बिरामीलाई प्रशस्त पानी पिएर आराम गर्दा सामान्य पारासिटामोलको सेवनले नै रोग ठीक हुन्छ। पेनकिलर, फ्लेक्सनको सेवन गर्दा आन्द्रा सुन्निने, रगतमा प्लेटलेट कम भएका बेला रगत बग्न सक्नेजस्ता जोखिम निम्तिन सक्छ', डा. पुन थप्छन्।'

चिकित्सका अनुसार एन्टिबायोटिक्स चलाउने विभिन्न आधार हुन्छन्–७ दिनभन्दा बढी ज्वरो आएको, सोडियम घटेर गएको, मिर्गौला तथा कलेजो बिग्रदै गएको वा लक्षण जटिल खालको देखिएको अवस्थामा मात्रै एन्टिबायोटिक चलाउन सकिन्छ। धेरैमा डेंगु कडा हुँदैन तर, कसैकसैमा डेंगु जटिल अवस्थामा जान सक्छ। निरन्तर वान्ता हुनु, पेट धेरै दुख्नु, रक्तश्राव हुनु, नाक वा गिजाबाट रगत बग्ने, बेहोस हुने, रगत जाँचमा प्लेटेलेटको संख्या तीव्र गतिमा घट्नुले डेंगुको जटिल अवस्थामा जान सक्ने संकेतको रुपमा लिने गरिन्छ। यस्तो अवस्थामा अनिवार्य चिकित्सकको निगरानीमा उपचार वा परामर्श लिर्नुपर्ने हुन्छ। (साभार–अनलाइनखबर)

# बालबालिकाका लागि समय

**हसिना बस्नेत**

घर छेवैको बाटोबाट हाम्रो समुदायमा बस्ने करिब एक दर्जन स–साना बालबालिका लैजान मन्टेश्वरीको भ्यान बिहान ८ बज्दा नबज्दै ट्याँट्याँ टुँटुँ गर्दै आइपुग्छ। भ्यानको आवाजसँगै घर पल्तिरको बच्चाको रुवाइ चर्किंदो सुनिन थाल्छ। त्यसअघि कामकाजी बाबुआमालाई बच्चाको खानपानको चाँजोपाँजो मिलाउन भ्याइनभ्याइँ देखिन्छ। बच्चालाई कहिले आधा पेट त कहिले भोकै झोला बोकाएर मन्टेश्वरी स्कुल नपठाए आमाबाबुको दिन नै अप्ठ्यारोमा पर्न सक्छ। आजभोलि यस्ता दृश्य सबैजसो टोलछिमेकमा देखिनु नौलो होइन।

समाजशास्त्री चैतन्य मिश्र भन्छन्, 'पछिल्लो समय नेपालमा राजनीतिक परिवर्तनसँगै परिवारको आयतन, संरचना, जीविकोपार्जनका आधारलगायत परिवारभित्रका अन्तर्सम्बन्धमा पनि महत्त्वपूर्ण परिवर्तन भएको छ।' चाहे संयुक्त परिवार होस् या एकल परिवार। बच्चा दुई वर्ष नपुग्दै घर राख्नुभन्दा विद्यालय, धाईआमा तथा परिवारका अन्य सदस्यको सहयोगबाट हुर्काउनु पर्ने बाध्यता अचेल धेरैको देखिन्छ। हरेक आमाबाबुलाई आफ्ना बालबच्चा कसरी स्वस्थ, खुसी र अब्बल बनाउने चिन्ता हुनु स्वाभाविक हो। सृष्टिको अनुपम सिर्जना सन्तानको स्नेह, मायाममता, स्याहारसम्हार सायदै कुन प्राणीले गर्छ होला। यद्यपि व्यस्त र आधुनिक जीवनशैलीले वृद्ध बाबुआमालाई समय छुट्याउन नसकेको नेपाली समाजमा अहिले आएर बालबच्चाको हेरचाह, लालनपालन ठूलो बोझ बन्दै गइरहेको छ।

पोखराको सरकारी क्याम्पसमा प्राध्यापन गर्ने एक उपप्राध्यापक साथी गर्भवती अवस्थादेखि नै बच्चा जन्मेपछि कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा चिन्तित छिन्। पहिलो बच्चा जन्माउँदा प्रसूति स्याहार बिदा सकिएलगत्तै बच्चालाई कहिले काठमाडौंमा माइतीका साथ कहिले आफैंले च्याप्दै निकै कठिनाइ झेल्दै हुर्काएको सम्झन्छिन्। सानो बच्चा स्याहार र जागिरको व्यवस्थापन एकातिर चुनौती बनेको छ भने अर्कोतर्फ बच्चा आफूबाट टाढा छोड्दा आधा मन बच्चातिर आधा आफूसँग हुन्छ। जसले गर्दा विभिन्न खालका तनाव झेल्नुपर्ने उनी बताउँछिन्। कामकाजी महिलाका लागि न कार्यालयमा गुणस्तरीय शिशु स्याहार केन्द्रको व्यवस्थापन छ न त अन्य सुविधा उपलब्ध छन्।

आमाबाबुसँगै भएका बालबालिका पनि बाबुआमाको जागिर, घरायसी कामधन्दा, व्यवहारका अनेक झमेलाले गर्दा सन्तानसँग दूरी बढ्दै गइरहेको छ। जसको सिधा असर बालबच्चाको दिनानुदिन गर्ने क्रियाकलापमा सिधै देखिन्छ। हुर्किंदै जाँदा उनीहरूको रुचि अन्य उपलब्धिपूर्ण कामहरू गृहकार्य, संगीत, र अध्ययनमा दिने समय पनि घट्दै जान्छ।

स्वस्थ वृद्धि विकासका लागि सन्तुलित आहारको जरुरी भएजस्तै उचित हेरचाहको अभाव, निद्रा र अन्य वातावरण अमिल्दो हुँदा उनीहरू अस्वस्थ हुन थाल्छन्। सही अभिभावकत्वको अभावमा बालबालिका राम्ररी सोच्न, सुन्न, पढ्न र लेख्न पनि सक्दैनन्। यसो हुँदा उनीहरूको सामाजिकीकरणाको प्रक्रियामा समेत भिन्न प्रभाव पर्छ। छिमेकमै केही स–साना बालबालिकाका आमाबुवा वैदेशिक रोजगारीमा रहेका कारण मामाघरमा बाजेबज्यैसँग हुर्किरहेका छन्। खुवाउँदा, खेलाउँदा, पढ्नलेख्न बस्दा हरबखत मोबाइल या टेलिभिजन उनीहरूका निमित्त जरुरी वस्तु बनेको छ। बाजेबज्यैलाई मोबाइल र टेलिभिजनमा धेरैबेर झुन्डिनु राम्रो होइन भन्ने थाहा छ। नातिनातिनाको माग पूरा गर्न उनीहरू बाध्य हुन्छन्। यस्ता प्रशस्त उदाहरण हाम्रो समाजमा देखिन्छन्। लकडाउनमा बालबालिकाको शिक्षा प्रभावित भयो किनकि विद्यालयसम्म पुग्न सकेनन्। शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताबाट वञ्चित रहे भनिए पनि कतिपय बालबालिकाका लागि भने लकडाउन आफ्ना आमाबाबुसँग गुणात्मक समय बिताउने अवसर बन्यो। आफन्त बहिनीको चारवर्षे छोरी स्कुल पठाउँदा हरेक १५/१५ दिनको हाराहारीमा बिरामी पर्थिन्। तर, लकडाउनमा घरमा बस्दा खाना, पानी, समय सबै मिलेर होला सायद अस्वस्थ कम भइन्।

बालबालिकालाई ठूलाहरूको जमघट हुँदा छुट्टै राख्ने, आफ्नो कोठामा जाउँ, उतै बस भनी प्रायः ठूलाहरूसँग घुलमिल हुनबाट वञ्चित गराइन्छ। हुर्किंदै गरेका कलिला बालबालिका स्वभावैले उत्सुक हुन्छन्। भिन्दै राखिदिए पछि उनीहरूले ठूलाका कुरा कसरी थाहा पाउँछन्? के सिक्छन्? यसै पनि हामीकहाँ महिला र बालबालिकाले प्रश्न गरेको राम्रो मानिँदैन। बालबालिकासँग घुलमिल कम हुँदा उनीहरूको भाषागत र भावनात्मक विकासका लागि महत्त्वपूर्ण रहने परिवारसँग अन्तर्क्रियाको गुणस्तर र परिमाणमा कमी भई बालबालिका कम बोल्ने, एकान्तमा बस्न रुचाउने, प्रविधिसँग बढी झुन्डिइरहने गर्छन्।

घरमा छोराछोरीकै साथमा रहँदा बस्दा पनि स्क्रिनमा घण्टौं झुन्डिइरहने, बिदाको समयसमेत कार्यक्रम, साथीभाइ भन्दै कुदिरहने तर बच्चालाई घुमाउन, सिकाउन, कुराकानी गर्नसमेत नखोज्ने अभिभावक छन्। जसका कारण पनि बालबालिका दिनप्रतिदिन एक्लिँदै गइरहेका छन्। जीवनमा जतिसुकै सफलताको सिँढीमा उक्लिए पनि छोराछोरीका लागि समय छुट्याउन सकिँदैन भने अभिभावक हुनुको दायित्व कसरी पूरा हुन्छ र? तैपनि अभिभावक स्वयं नै हामीले आज

*(बाँकी तेश्रो पेजमा)*

# नेपाली 'अग्निवीर' भर्ना स्थगनले गोर्खा सैनिकको भविष्यमा प्रश्न

काठमाण्डौ, १३ भदौ ।

सन् १९४७ मा नेपाल, भारत र बेलायतबीच भएको त्रिपक्षीय सन्धिपछि पहिलो पटक घोषितरुपमा भारतीय सेनाको 'गोर्खा रेजिमेन्ट'मा नेपाली युवाको भर्ती रोकिएको छ। भारतीय सेनाको 'अग्निपथ' योजनाबारे जवाफ माग्दै तत्कालका लागि नेपाल सरकारले भर्ना प्रक्रिया स्थगित गराएको हो। परराष्ट्रमन्त्री डा. नारायण खड्काले नेपालस्थित भारतीय राजदूत नवीन श्रीवास्तवलाई बोलाएर अग्निपथबारे भारत सरकारको लिखित जानकारी मागेका छन्। उनले 'अग्निवीर'को भर्ती योजना त्रिपक्षीय सन्धि अनुसार हुन्छ/हुँदैन भनेर जानकारी मागेको परराष्ट्र स्रोतले अनलाइनखबरलाई बतायो।

प्रधानमन्त्री शेरबहादुर देउवाका परराष्ट्र मामिला सल्लाहकार अरुणकुमार सुवेदीका अनुसार सन् १९४७ को सन्धि अनुसार नेपाली युवाले भारतीय सेना पूर्णकालीनरुपमा भर्ना हुन पाउनुपर्ने हो। तर अग्निपथ योजना अनुसार १७ देखि २३ वर्षसम्मका युवा 'अग्निवीर'का रुपमा चार वर्षका लागि



भर्ना गर्ने भारतको तयारी छ। सैनिक तलब भत्तामा जाने आर्थिक भार कटौतीका लागि भन्दै भारतीय सेनाले ल्याएको यो योजना अनुसार काम गर्ने अग्निवीरले चार वर्षपछि भारु १२ लाख रुपैयाँ पाउँछन्। स्वास्थ्य, उपचार वा पेन्सन सुविधा पाउने छैनन्।

यसरी चार वर्षका लागि भर्ती हुँदा भविष्य सुरक्षित नहुने भन्दै भारतमा पनि अग्निपथ योजनाको व्यापक विरोध भइरहेको छ। भारतीय सेनाबाट अवकाश प्राप्त लेफ्टिनेन्ट जनरल अशोक मेहताका अनुसार चार वर्षे योजनाले युवाको भविष्य सुरक्षित नहुने भएकाले भारतमा यसको विरोध भइरहेको छ। 'नेपालमा बरु सुरक्षा निकायमा काम गरेर खाडी मुलुक तथा अन्य राष्ट्र सुरक्षागार्डका रुपमा जाने चलन छ' मेहताले टेलिफोनमा अनलाइनखबरसँग भने, 'तर भारतमा उनीहरु सकेसम्म यहीं बस्न चाहन्छन्, त्यसैले विरोध भइरहेको हो।'

**गोर्खा सैनिक भर्तीको भविष्यमा प्रश्न**

नयाँ दिल्लीस्थित भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बाग्चीले अग्निपथ योजना अनुसार नै गोर्खा सैनिकको भर्ती हुने बताइसकेका छन्। 'लामो समयदेखि भारतीय सेनामा गोर्खा सैनिकको भर्ती गरिरहेका छौं, अब पनि गोर्खा भर्ती निरन्तर हुनेछ भन्ने मेरो अपेक्षा छ' बाग्चीले भनेका छन्, 'तर त्यो भर्ती अग्निपथ योजना अनुसार नै हुन्छ।' त्यसबाहेक आफूसँग अरु कुनै जानकारी नरहेको उनले बताएका छन्।

यो योजना अनुसार भर्ती हुँदा नेपाली युवाले भारतीय सेनामा पूर्णकालीन अवसर पाउने सुनिश्चितता हुँदैन। त्यही कारण नेपाली युवाको भर्ती १९४७ को सन्धि अनुसार हुने हो होइन भन्ने विषयमा भारतको लिखित जवाफ मागिएको प्रधानमन्त्री देउवाका परराष्ट्र सल्लाहकार सुवेदी बताउँछन्। भारतीय सेनाका पूर्वलेफ्टिनेन्ट जनरल मेहता चाहिँ हाल भएको अग्निवीरको भर्ती स्थगनले गोर्खा रेजिमेन्टमा नेपाली सैनिकको भर्नालाई पनि असर गर्न सक्ने बताउँछन्।

'यही स्थगनपछि गोर्खा सैनिकमा नेपाली युवाको भर्ती पनि रोकिनसक्छ' भारत सरकारले यसबारेमा

*(बाँकी तेश्रो पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# ४ मंसिरको चुनावमा उम्मेदवारले सम्पत्ति विवरण पेश गर्नुपर्ने



काठमाण्डौ, १३ भदौ ।

आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनका लागि प्रत्यक्षतर्फका उम्मेदवारहरुले आफ्नो सम्पत्ति विवरण पेश गर्नुपर्ने भएको छ । निर्वाचन आयोगले सोमबार सार्वजनिक भएको निर्वाचन आचारसंहिता अनुसार मनोनयन दर्ता गर्ने उम्मेदवारहरुले त्यसका साथमा सम्पत्ति विवरण तयार गरी सिलबन्दी रुपमा भर्नुपर्ने उल्लेख छ ।

आचारसंहितामा भएको व्यवस्था अनुसार, उम्मेदवारहरुले आफ्नो वैयत्तिक विवरणसमेत पेश गर्नुपर्नेछ । आयोगले उक्त सम्पत्ति विवरणलाई तीन स्वरुपमा प्रयोग गर्ने जनाएको छ । उम्मेदवार निर्वाचित भएमा निर्वाचन आयोगले निर्वाचित सांसदको सम्पत्ति विवरण सार्वजनिक गर्नेछ । उम्मेदवार निर्वाचित नभएमा तर उसले पछि विवरण फिर्ता मागेमा निर्वाचन अधिकृतको कार्यालयले सम्पत्ति विवरण फिर्ता गर्नेछ । अनि उम्मेदवारले सम्पत्ति विवरण फिर्ता नगरेमा निश्चित अवधिपछि त्यसलाई धुल्याइने भनी आचारसंहितामा उल्लेख गरिएको छ । (साभार–रातोपाटी)

# बिभिन्न ठाउँमा गरी सवारी दुर्घटनामा ५ जनाको मृत्यु

काठमाण्डौ, १३ भदौ ।

मकवानपुर, काभ्रेपलाञ्चोक, चितवन र रुपन्देहीमा भएका सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका–९ स्थित सडकमा ग.२२ प ६१३ नम्बरको मोटरसाइकल ना.४ ख ९६०३ नम्बरको ट्रकमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । आइतबार भएको सो दुर्घटनामा मृत्यु हुनेमा मोटरसाइकलमा सवार पर्सा ठोरी गाउँपालिका–२ घर भएकी २५ वर्षीया श्रृजना विक रहेकी छन् । दुर्घटनामा गम्भीर घाइते भएकी उनको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक मृतकका श्रीमान र मोटरसाइकलमा सवार उनका छोरा उपचार पश्चात डिस्चार्ज भएका छन् । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । काभ्रेपलाञ्चोकको पनौती नगरपालिका–७ बसपार्कस्थित सडकमा बा.६० प ५२४३ नम्बरको मोटरसाइकल गएराति दुर्घटना हुँदा एक जनाको मृत्यु



भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक सिन्धुपाल्चोक मेलम्ची नगरपालिका–१३ बस्ने ३० वर्षीय प्रमात्मा तिवारी रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनको शिर मेमोरियल अस्पताल बनेपामा उपचारको क्रममा मृत्यु भएको हो ।

चितवनको भरतपुर महानगरपालिका–५ कल्याणपुरमा रोकी राखेको ना.७ ख २९७९ नम्बरको टिपरमा बागमती प्रदेश ०३–००४ प ५३७८ नम्बरको मोटरसाइकल सोमबार बिहान ठोक्किँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक भरतपुर महानगरपालिका–२७ दिव्यनगर बस्ने ३३ वर्षीय विजय भुजेल रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । रुपन्देहीको तिलोत्तमा नगरपालिका–६ गोरकट्टास्थित सडकमा लु.१६ प ६१३० नम्बरको मोटरसाइकल आइतबार साँझ दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकलमा सवार तिलोत्तमा नगरपालिका–३ शंकरनगर बस्ने १२ वर्षीय समिक्षा खराल र ७ वर्षीय सुग्रिम खराल रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो ।

उक्त मोटरसाइकल लु.२८ प ४३७३ नम्बरको मोटरसाइकलमा ठोक्किई अनियन्त्रित हुँदा लु.१ क ३०६४ नम्बरको मिनी ट्रकमा समेत ठोक्किन पुगेको थियो । दुर्घटनामा घाइते भएका दुवै मोटरसाइकलमा सवार अन्य ४ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । (साभार–रातोपाटी)

# एएफसीद्वारा एन्फालाई ७ हजार डलर जरिवाना

काठमाण्डौ, १३ भदौ ।

एसियन फुटबल कन्फेडेरेसन (एएफसी) ले अखिल नेपाल फुटबल सघ (एन्फा) लाई ७ हजार अमेरिकी डलर जरिवाना गरेको छ । एएफसी कुवेतमा भएको एएफसी एसियन कप छनोट प्रतियोगिताको विभिन्न आचारसंहिता उलंघन गरेको भन्दै एन्फालाई जरिवाना गरेको हो । एएफसीले एसियन कप छनोट अन्तर्गत जुन १४ इन्डोनेसियाविरुद्धको खेलमा मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरी खेल अघि ड्रेसिङ रुपमा प्रवेश गरेको र खेलपछि एक्रिडिटेशन कार्ड लिएर मैदान




प्रवेश गरेको कारण ६ हजार डलर जरिवाना गरिएको जनाएको छ ।

कुवेत र जोर्डनविरुद्धको खेलमा पहेलो कार्ड पाएको कारण इन्डोनेसियाविरुद्धको खेलमा अब्दुल्लाह निलम्बनमा रहेका थिए । त्यस्तै इन्डोनेसियाविरुद्धको खेलको पहिलो हाफ सुरु हुन ढिलाइ गर्दा एन्फालाई थप १ हजार अमेरिकी डलर जरिवाना गरिएको एएफसीले जनाएको छ । (साभार–रातोपाटी)

# नेपाल र अष्ट्रेलिया परराष्ट्र सचिवस्तरीय बैठक सम्पन्न

काठमाण्डौ, १३ भदौ ।

नेपाल र अष्ट्रेलियाका परराष्ट्र सचिवस्तरीय बैठक सम्पन्न भएको छ । अष्ट्रेलियाको राजधानी क्यानबेरामा भएको बैठकमा नेपालको परराष्ट्र सचिव भरत राज पौड्याल र अष्ट्रेलियाका विदेश तथा व्यापार विभागका सचिव जान एडम्स सहभागी थिए । बैठकमा द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने विषयमा छलफल भएको थियो । द्विपक्षीय सहायता बढाउने विषयमा पनि बैठकमा छलफल भएको क्यानभेरास्थित नेपाली दूतावासले जनाएको छ । बैठकमा नेपाल र अष्ट्रेलिया सरकारबीच जलस्रोत



व्यवस्थापनको क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो । नेपाल सरकारका तर्फबाट जल तथा ऊर्जा आयोगका सचिव दिनेशकुमार घिमिरे र अष्ट्रेलियाको विदेश तथा व्यापार विभागका सचिव जान एडम्सले समझदारीपत्रमा हस्ताक्षर गरेका थिए । (साभार–रातोपाटी)

# कपनबाट १४ ग्राम खैरो हेरोइनसहित १ जना पक्राउ

काठमाण्डौ, १३ भदौ ।

काठमाडौं महानगरपालिका–६ कपनस्थित सातततलेबाट प्रहरीले खैरो हेरोइनसहित १ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा झापाको बाह्रदशी गाउँपालिका घर भएर कपन सरस्वतीनगर बस्ने ५० वर्षीय देवीप्रसाद सिवाकोटी छन् । आरोपीको साथबाट १४ ग्राम खैरो हेरोइन जस्तो देखिने पदार्थ बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी दिनेशराज मैनालीले रातोपाटीलाई बताए । भदौ १० मा प्रहरी वृत कपनबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो । आरोपीमाथि अदालतबाट ६ दिनको म्याद लिएर प्रहरी वृत बौद्धले अनुसन्धान गरिरहेको छ । (साभार–रातोपाटी)

भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

सि.टि.ई.भि.टी. र सिम्रौनगढ नगरपालिकाका साझेदारी कार्यक्रम

सिम्रौनगढ बहुप्राविधिक शिक्षालय

सि.न.पा.–८ कचोर्वा बारा

शैक्षिक सत्र २०७९/०८० का लागि ३ बर्षे डिप्लोमा ईन पशु बिज्ञान(भेटेनरी) र कृषि बालि बिज्ञान (कृषि) मा भर्ना खुल्यो ।

नोट:
फारम पाउने ठाउँ – सिम्रौनगढ नगरपालिका भोजेन्द्र सर ९८५११५५१६५
फारम बुझाउने अन्तिम मिति: २०७९ साउन २६ गते सम्म
प्रवेश परिक्षा हुने मिति: २०७९ भदौ ६ गते
प्रवेश परिक्षा हुने स्थान र समय: सम्बन्धित शिक्षालयमा बिहान ८ बजे

पेश गर्नुपर्ने कागजातहरु:–
- SLC/SEE को मार्कसिट
- School Leaving सर्टिफिकेट
- नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र
- पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो

प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा